# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०२ अंक- ९, २०८१ असार


## यस अंक भित्रः


**विषय-सूची** — **पेज**

- दोभाषे सेवा सञ्चालन सम्बन्धी कार्यविधी २०८१ माथि परामर्श सम्पन्न - २
- श्रवणदृष्टि विहीनता भएका युवाहरूका लागी जिल्ला स्तरीय कार्यशाला सम्पन्न - २


## विविधः


- बहिरा महासंघद्वारा समबेदना ब्यक्त - ३


## प्रकाशित समाचारवाटः


- बहिरालाई पढाउन लागेका सीताराम - ४
- संसद बैठक साङ्केतिक भाषामा पनि प्रत्यक्ष प्रशारण गर्न सांसदको माग - ५
- सचेतनामूलक सूचना सामाग्रीहरु : - ६


## हाम्रो सम्पर्कः


**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

## दोभाषे सेवा सञ्चालन सम्बन्धी कार्यविधी २०८१ माथि परामर्श सम्पन्न


कार्यबिधी छलफल पश्चाप

राष्ट्रिय बहिरा महासंघ नेपाल तथा राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालको संयुक्त आयोजना र अपाङ्गता अधिकार कोष/अपाङ्गता अधिकार वकालत कोषको आर्थिक सहयोगमा नेपाली साङ्केतिक भाषा दोभाषे सेवा संचालन सम्बन्धी कार्यविधि २०८१ को बारेमा छलफल कार्यक्रम सम्पन्न भएको छ । नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हालै तयार गरेको नेपाली साङ्केतिक भाषा दोभाषे सेवा संचालन सम्बन्धी कार्यविधि २०८१ मस्यौदामाथि बहिरा महासंघ तथा दोभाषे संघका प्रतिनिधिहरु विच छलफल गरी आवश्यक सुझाब संकलन गर्नका लागि २०८१ असार २१ गते काठमाडौँ उक्त परामर्श कार्यक्रमको आयोजना गरिएको थियो । काठमाडौँ उपत्यकाभित्र उपलब्ध प्रतिनिधिहरुको उपस्थितिमा आयोजित परामर्शमा मस्यौदा कार्यविधिका प्रत्येक परिच्छेदमा छलफल गरि बुदागत रुपमा सुझाव संकलन गरिएको थियो ।

दोभाषे संचालन कार्यविधिमा दोभाषे तालिमको तहगत ब्यबस्था, दोभाषे ब्यबस्था तथा परिचालन, दोभाषे सेवासुविधा, कार्यरत रहेका दोभाषेहरुको सिप परिक्षण तथा प्रमाणीकरणको ब्यबस्था, राज्यका तिनै तहका निकायहरुको दायित्व लगायतका सवालहरुमा समूह छलफलवाट महत्वपुर्ण सुझाबहरु प्राप्त भएका थिए। मस्यौदा कार्यविधि २०८१ उपर प्राप्त सम्पूर्ण सुझाबहरुलाई लिखित रुपमा नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गरिएको छ। साथै महासंघ तथा दोभाषे संघले मन्त्रालयलाई प्राथमिकताका साथ उक्त कार्यविधि पारित गरी कार्यान्वयनमा लैजानका लागि समेत अनुरोध गरेको छ।

## श्रवणदृष्टि विहीनता भएका युवाहरूका लागी जिल्ला स्तरीय कार्यशाला सम्पन्न

"शिक्षामा सबैको सहकार्य, श्रवणदृष्टि विहीनता भएका बालबालिकाका अवरोध न्युनिकरण" परियोजना अन्तर्गत मोरङ तथा काठमाण्डौ जिल्लामा श्रवणदृष्टि विहीनता भएका युवाहरूको जिल्ला स्तरीय कार्यशाला बिषयक २/२ दिने जिल्ला स्तरीय कार्यशाला सम्पन्न भएको छ। यी २ जिल्लामा गरी २२ जना श्रवणदृष्टि विहीनता भएका युवाहरुको सहभागिता रहेको थियो।


युवा संजाल निर्माणका लागी छलफल गर्दै (मोरङ)

यो कार्यक्रम असार १२ र १३ गते मोरङ र १५ र १६ गते काठमाण्डौमा सम्पन्न भएको हो । उक्त कार्यशालामा श्रवणदृष्टि विहीनता भएका व्यक्तिका विविधता, आधारभूत अधिकारमा पहुँचमा उनीहरुका अवरोध, उक्त अवरोध न्युनिकरणका उपाय, वकालतको महत्व तथा वकालत सम्बन्धी योजनाका बारेमा अभिमुखीकरण गरिएको थियो । सहभागिहरुले अपाङ्गता भएका व्यक्तिका अधिकार आफुलाई कम

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
# “बहिरा आवाज”

वर्ष -०२ अंक- ९, २०८१ असार


मात्र जानकारी रहेको एवम भएको जानकारी अनुसार समेत अधिकार, सेवासुविधा तथा दैनिक क्रियाकलाप संचालन गर्नमा समेत आफुले सामना गर्नुपरेका अवरोधहरुका सम्बन्धमा अनुभब साटासाट गरेका थिए। कार्यशालाको पहिले दिन सहभागीहरुलाई अपाङ्गता भएका व्यक्तिका अधिकार, सरकारले उपलब्ध गराएका सेवासुविधा तथा उक्त सेवासुविधा प्राप्त गर्ने प्रक्रिया एवं निकायका वारेमा अभिमुखीकरण गराइएको थियो। श्रवणदृष्टि विहीनता भएका व्यक्तिहरुले सबै भन्दा मुख्य चुनौतिको रुपमा संचार रहेको र संचारमा पहुँचका विभिन्न तरिकाहरुमध्ये उपयुक्त स्पर्ष संचारका बारेमा कार्यशालामा छलफल गरिएको थियो।

कार्यशालाको दोस्रो दिनमा अधिकार प्राप्तिका लागि महत्वपुर्ण औजारका रुपमा रहेको वकालतका बारेमा छलफल गरिएको थियो। कुन अधिकार वा सेवा सुविधाका लागि कुन निकाय वा तहमा वकालत गर्न सकिने भन्नेमा छलफल गरिएको थियो। जसमा सहभागिहरुले वकालत गर्ने तरिका र वकालतको योजनाका बारेमा छलफल गरिएको थियो। कार्यशाला पश्चाप दुबै जिल्लामा युवाहरुको संजाल गठन गरिएको छ र सहभागीहरुले आगामी दिनमा संजाल मार्फत स्ववकालतका काम गर्ने बताएका थिए।



*युवा संजाल निर्माणका लागी छलफल गर्दै (काठमाण्डौ)*

---

## विविध:

### बहिरा महासंघद्वारा समबेदना ब्यक्त

अपाङ्गता अधिकार कोष/ अपाङ्गता अधिकार वकालत कोष (DRF/DRAF) का नेपालका लागि कार्यक्रम अधिकृत श्री कृष्ण गहतराजको पूजनीय पिता श्री चित्र बहादुर सुनारको मिति २०८१/०३/०२ मा सवारी दुर्घटनामा परेर असामयिक निधन भएकोमा राष्ट्रिय बहिरा महासंघ नेपालले परिवारजनमा गहिरो समबेदना ज्ञापन गरेको छ। स्वर्गीय चित्र बहादुर सुनारको दुःखद् निधनमा महासंघ परिवार र समग्र बहिरा समुदायको प्रतिनिधित्व गर्दै राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सुदुर पश्चिम प्रदेश कोषाध्यक्ष तथा बहिरा संघ कैलालीका सचिव श्री विजय साउदको नेतृत्वमा कैलालीस्थित वहाँको घरैमा पुगेर दिवंगत आत्माको चीर शान्तिको कामना एवं शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरिएको थियो।




*भावपूर्ण श्रद्धाञ्जली पोष्टर*

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०२ अंक- ९, २०८१ असार

## प्रकाशित समाचारबाट-

### बहिरालाई पढाउन लागेका सीताराम

खबरहब अनलाइन खबर पत्रिकामा हालै यस राष्ट्रिय बहिरा महासंघका महासचिब सिताराम ओझाको अन्तर्वाता प्रकाशित भएको छ। उक्त अन्तर्वार्तामा महासचिब ओझा बाल्यकालमा अचानक बिरामी भएर बहिरा हुनपुगेपछिको संघर्ष, भोजपुरमा बहिरा बिद्यालय स्थापना गर्दाको पहलकदमी, अपाङ्गता अधिकार अभियान तथा बहिरा महासंघको महाचिबको रुपमा कार्यरत रहदाका घटनाक्रम लगायतका सन्दर्भहरु प्रकाशित भएका छन् | उक्त अन्तर्वातामा समावेश मुख्य सन्दर्भ यस बमोजिम रहेका छन्|

भोजपुरका सीताराम ओझा जन्मिदा कान सुन्न सक्ने थिए। आठ वर्षको हुदाँ उनी अचानक बिरामी भए। बिरामी भएपछि उनको श्रवण शक्ति गुम्यो। २०५१ कार्तिक २६ गते जन्मिएका उनी दुई छोरा र एक छोरीमध्ये कान्छा छोरा हुन्। अचानक सुन्न नसक्ने भए पनि ओझाको जीवनमा धैरै अप्ठ्यारो परिस्थिति आयो। सुरु-सुरुमा आमाबुवासँग सञ्चार गर्न नसकेर भाइबहिनी र छिमेकीको सहारा लिए। साङ्केतिक रूपमा बुझाउन नसकेका कुरा लेखेर बोले। ओझाको लागि घरमा दाइले साङ्केतिक भाषा सिकेका थिए।



*महासंघका महासचिव श्री सिताराम ओझा*

वैदेशिक रोजगारमा दाइ कोरिया गएपछि उनको समस्या बढ्दै गयो। सुन्न नसकेपछि बहिरा विद्यालयमा फेरि कक्षा एकदेखि पढाइ सुरु गरे। साङ्केतिक भाषामा सिक्नुपर्ने भएकाले कक्षा एकदेखि नै पढाइ आरम्भ गर्नु परेको थियो। नयाँ नयाँ शब्दको संकेत नहुँदा उनलाई पढ्न र बुझ्न गाह्रो हुन्थ्यो। कक्षा एक देखि प्लस टु सम्म बहिरा बिधालयमा पढेका सितारामले स्नातक तहको पढाई सुन्ने बिद्यार्थीहरुसंगै सामान्य क्याम्पसमा पुरा गरेका हुन्।

हाल राष्ट्रिय बहिरा महासंघ नेपालको महासचिव तथा कोशी प्रदेशको संयोजकसमेत रहेका ओझा अहिले नयाँ शब्दको विकास गर्ने प्रयासमा जुटिरहेका छन्। बहिरा महासंघले अहिलेसम्म साङ्केतिक भाषामा झन्डै सात हजार पाँच सयको हाराहारीमा शब्दसंकेत संकलन भएर प्रयोगमा आएका छन्।

साङ्केतिक भाषा विकास गर्न अनुसन्धान गर्नको लागी केन्द्र स्थापना गर्ने भनेर नीति तथा कार्यक्रममा समेटिएको छ। तर त्यसको लागी बजेट छुट्याएको छैन। ४/५ वर्ष अगाडी संघिय सरकारको बजेटमा उक्त बजेट अक्षरमा आयो अंकमा आएन । अनि सांकेतिक भाषा अनुसन्धाना तथा बिकास केन्द्र हालसम्म पनि स्थापना नै हुन सकेको छैन। हाम्रो देशमा अन्य देशको तुलनामा निकै कम साङ्केतिक शब्द छन्। सांकेतिक भाषाको बिकासको काम काम नेपाल सरकारले गर्नुपर्ने भए पनि बिभिन्न दातृ संस्थाहरु गुहारेर विभिन्न परियोजना मार्फत महासंघले नै गरिरहनु परेको छ ।

सरकारको स्थिरताका कारण सरकारको प्राथमिकतामा नपरेको बहिरा अधिकारका सम्बन्धमा कार्य गर्न निकै कठिनाई भएको छ। केही काम सुरु भयो मन्त्री परिवर्तन हुने, सचिव परिवर्तन हुने गर्दा ठोस योजनालाई कार्यान्वयन गर्न नसकिएको उनको अनुभव छ।

'विचराको भावले राज्यले व्यवहार गरेको छ । दुःखी भाव देखाएर पनि बजेट तेलको थोपा जति छुट्टयाएको हुन्छ' उनले सरकारप्रति आक्रोश व्यक्त गर्दै भने । अपाङ्गता भित्र पनि विविधता छ । सबैखाले अपांगतालाई एकै ठाउँमा राखेर सेवा सुविधा दिँदा त्यसले अन्याय हुन्छ । विशेष गरी बहिराका लागि साङ्केतिक भाषाको शब्द संकेत निर्माण, विकास, विस्तार तथा अनुसन्धान साथै तालिम केन्द्र स्थापना गर्नु आवश्यक देखिन्छ, दोभाषेहरुलाई ब्यबसायिक तालिम प्रदान गर्नु, बहिरा नागरिकहरुलाई आवश्यकता अनुसार दोभाषे सेवा प्रदान गर्नु र संचारमा पहुँच स्थाकपा गर्नु अत्यन्त जरुरि छ । उनीहरूका लागि थप गुणस्तरिय शिक्षाको आवश्यकता छ । 'प्लस टु र स्नातक गरेका धेरै साथी बेरोजगार छन् । निजी क्षेत्रले अत्यन्त कम श्रमिकको रूपमा राखेको छ । रोजगारमूलक सिप सिकाइ संगै संचार पहुँच नहुदा न्यून पारिश्रमिकमा रोजगारी गर्नुपर्ने बाध्यता छ । सरकारी क्षेत्रले बहिरा समुदायको बिकासका लागि अलि धेरै पहल गर्नुपर्छ ' उनले भने ।

उक्त अन्तर्वार्ताको विस्तृत विवरण यहाँ हेर्न सकिन्छ ।

## संसद बैठक साङ्केतिक भाषामा पनि प्रत्यक्ष प्रसारण गर्न सांसदको माग

राष्ट्रिय सभा सदस्य पदमबहादुर परियारले संसद बैठक साङ्केतिक भाषामा पनि प्रत्यक्ष प्रसारण गर्न माग गरेका छन् । यस सम्बन्धि समाचार २०८१, १९ असार अन्लाइनखबरमा प्रकाशित भएको छ । अन्लाइनखबरमा प्रकाशित समाचारको मुख्य अम्षा यस बमोजिम रहेको छ ।

मिति २०८१ असार १९ गते बुधबारको राष्ट्रिय सभा बैठकको शून्य समयमा बोल्दै सांसद पदमबहादुर परियारले हाल संसदको गतिविधि थाहा पाउनबाट बहिरा समुदाय वञ्चित भएको बताए। उनले भने 'नेपालमा हजारौं बहिरा समुदायहरु बसोबास गर्छन्। त्यो समुदायले सूचना पाउने एक मात्रै आधार भनेको साङ्केतिक भाषा हो । संघीय संसदमा भएका सबै काम कारबाहीहरुबाट नेपाली बहिरा समुदायहरु विमुख हुनुहुन्छ । संसदको प्रत्यक्ष प्रसारण र रेकर्डिङ साङ्केतिक भाषामा हुने गरेको छैन । त्यसले गर्दा संसदमा साङ्केतिक भाषा दोभाषे राख्न सरकारसँग माग गर्दछु' उनले भने ।


*राष्ट्रिय सभा सदस्य पदमबहादुर परियारले संसद बैठकमा सम्बोधन गर्नुहुदै*

सांसद परियारले प्रतिनिधि सभाबाट बजेट पारित भइसकेको भन्दै राष्ट्रिय सभामा छलफल गर्नुको औचित्य नभएको समेत बताए। 'प्रतिनिधि सभाले बजेटलाई पारित गरिसकेको छ । तर फेरि राज्यका गरिब जनताहरुले उठाएको करलाई खर्च गरेर फेरि हामिले राष्ट्रिय सभामा बजेटका बारेमा छलफल गर्नुपर्ने, जसको तात्विक अर्थ देखिँदैन', उनले भने ।

उक्त समाचार सम्बन्धी थप बिवरण यहाँ हेर्न सकिन्छ ।

**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

## सचेतनामूलक सूचना सामाग्रीहरु :







